मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१६ फागुन २०७८, सोमबार
28 February 2022, Monday

# स्वास्थ्यमन्त्री र मुख्यसचिवबाट अंगदानको घोषणा

**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडा र नेपाल सरकारका मुख्यसचिव शंकरदास बैरागीले अंगदानको घोषणा गरेका छन्।

स्वास्थ्य सेवा दिवस-२०७८ को अवसरमा आइतबार यहाँ आयोजित समारोहमा उनीहरुले मरणोपरान्त आफ्ना अङ्गदान गर्ने घोषणा गरेका हुन्।

सो अवसरमा मन्त्री खतिवडाले आगामी चैतभित्र सबै नेपालीलाई कोभिडविरुद्धको खोप पूरा गर्ने बताए। स्वास्थ्य क्षेत्रमा भएका कमीकमजोरीलाई सुधार गरेर अगाडि बढने प्रतिबद्धता व्यक्त गर्दै उनले कोभिडको समयमा क्रियाशील रहेका सबै स्वास्थ्यकर्मीको सराहना गरे। स्वास्थ्य राज्यमन्त्री भवानीप्रसाद खापुङ्गो उपस्थितिमा भएको कार्यक्रममा मुख्यसचिव बैरागीले दिवसको सफलताको शुभकामना दिँदै गुणस्तरीय स्वास्थ्य सेवा सबै नागरिकमा पुऱ्याउन आवश्यक रहेको विचार व्यक्त गरे। स्वास्थ्य सचिव देवकुमारी गुरागाईंले कोभिड खोप अभियानमा उल्लेख्य प्रगति भएको बताए। सो अवसरमा रु एक लाख राशिको उत्कृष्ट स्वास्थ्यकर्मी पुरस्कार डा जीतेन्द्र कँडेललाई र रु ५० हजार राशिको स्वास्थ्य सेवा पुरस्कार धनकला थापा, ओमराज आचार्य, रामप्रवेश साह र योगेन्द्र कट्टेललाई प्रदान गरिएको थियो।सोही कार्यक्रममा स्वास्थ्यकर्मी सम्मान १० जनालाई प्रदान गरिएको थियो।

## एमसीसी...

पेश गर्ने र अनुमोदनको पक्षमा उभिने निर्णय गरेको थियो। काँग्रेस एमसीसी अनुमोदनका क्रममा एकमत भएर उभियो। तर माओवादी केन्द्रमा भने नारायणकाजी श्रेष्ठ पक्षधर नेताहरुले असहमति जनाएका थिए। प्रतिनिधिसभा बैठकमा पनि गिरिराजमणि पोखरेल र अञ्जना बिशङ्खेले एमसीसी अनुमोदनमा मतदान नगर्ने बताए।

एकीकृत समाजवादीभित्र अनुमोदन र विपक्षमा उभिने नेताहरु मिश्रित देखिए। एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले एमसीसी अनुमोदनमा भाग नलिने घोषणा गरे। एमालेले भने नाराबाजीलाई नै निरन्तरता दियो। नेता भीम रावलले भने पार्टी नीति भन्दा बाहिर गएर एमसीसी अनुमोदनको विपक्षमा बोले। रावलले एमसीसी राष्ट्रघाती भएको र एमसीसीको पक्षमा उभिने सांसदहरु गद्धार भएको घोषणा गरे।

प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमालेले एमसीसी अनुमोदनको प्रक्रियामै भाग नलिएपछि सभामुख अग्निप्रसाद सापकोटाले अनुमोदन भएको घोषणा गरे। लोसपाले आइतबार नै एमसीसीको पक्षमा मतदान गर्ने निर्णय गरेको थियो। लोसपाका नेताहरुले पनि एमसीसी देशहितमा रहेको तर्क गरे।

संसदमा अनुमोदन हुनुपर्ने एमसीसी नेपालको कानून भन्दा माथि राखिएको र अमेरिकी सैन्य गठबन्धनकै अंग भएको तर्क सहित भएको विरोधका कारण अगाडि बढ्न सकेको थिएन। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली एमसीसीकै पक्षमा थिए। तर नेकपाभित्र प्रचण्ड र माधव नेपाल निकट नेताहरुको बिमतिकै कारण एमसीसी अगाडि बढेन। ओली प्रधानमन्त्रीबाट पदमुक्त भएपछि देउवा नेतृत्वमा बनेको गठबन्धनले भने व्याख्यात्मक घोषणा सहित एमसीसी अनुमोदन गरेको छ।

## बाहिर ...

प्रदर्शनमा थिए। गएको १ फागुनदेखि एकीकृत समाजवादीका कार्यकर्ता सडक प्रदर्शनमा उत्रिएका थिए। ८ फागुनमा एमसीसी प्रतिनिसभामा पेश हुँदा पनि एकीकृत समाजवादीका कार्यकर्ताले विरोध प्रदर्शन गरेका थिए। माओवादी केन्द्रका कार्यकर्ता ४ फागुनदेखि सडक प्रदर्शनमा उत्रिएका थिए। एमसीसी प्रतिनिधिसभामा पेश भइरहँदा कयौं प्रदर्शनकारी घाइते भएका थिए।

प्रहरीले रबरको गोली नै चलाएको थियो। अवस्था नियन्त्रणमा लिन पानीको फोहोरा र अश्रुँ ग्यास समेत प्रहार गरेका थिए। रबरको गोली, पानीको फोहोरा, अश्रुँ ग्यास र प्रहरीको लाठीबाट सत्ता साझेदार माओवादी केन्द्र र एकीकृत समाजवादीका कयौं कार्यकर्ता घाइते भए। यी दुई दलका कार्यकर्ता बितेको दुई वर्ष यता नै एमसीसीको विरोधमा सडक प्रदर्शन गर्दै आएका हुन्। तत्कालीन नेकपा नेतृत्व सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले एमसीसी अगाडि बढाउन चाहेपछि त्यसविरुद्ध सडक प्रदर्शनमा उत्रिएकाहरु अहिले माओवादी केन्द्र र एकीकृत समाजवादीका कार्यकर्ता छन्। माओवादी र एकीकृत समाजवादीले एमसीसीको विपक्षमा उभिने निर्णय गरेकाले पनि सडक प्रदर्शन हुँदै आएको थियो। तर आइतबार प्रधानमन्त्री शेरबहादुर देउवा सहित शीर्ष नेताहरुले एमसीसी व्याख्यात्मक घोषणा सहित अनुमोदन गराउने निर्णय गरे। त्यसैअनुसार, अर्थमन्त्री जनार्दन शर्माले एमसीसी र व्याख्यात्मक घोषणा प्रतिनिधिसभामा पेश गरे। ध्वनी मतका आधारमा एमसीसी अनुमोदन भयो।

तर नेतृत्वको निर्णप्रति सडक प्रदर्शनमा उत्रिएका कार्यकर्ता आक्रोशित देखिए। आइतबार प्रतिनिधिसभाबाट एमसीसी अनुमोदन भइरहँदा पनि नयाँ बानेश्वर क्षेत्रमा सत्तारुढ दलका कार्यकर्ता प्रदर्शनमा थिए।

## समर्थन...

तर, जसपाकासंघीय परिषद अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई भने एमसिसी नेपालको हितमा भएको दाबी गर्छन्। "अनुदान अलिकति अप्रिय भए पनि देशको हितमा छ", भट्टराई भने। राजनीतिक विश्लेषक डा. सूर्यराज आचार्य भने ब्याख्यात्मक टिप्पणी सहित पारित गर्नु र यथास्थितीमा पारित गर्नुमा कुनै अन्तर नरहेको बताउँछन्। एमसीसी ब्याख्यासहित परिमार्जन गर्नुलाई एउटा बिम्ब दिदैँ भने, "एकजना कट्टर शाकाहारीलाई खसीको मासु खाने मन भयो। के गर्ने होला भनेर सोच्दै गर्दा यस्तो उपाय निस्क्यो।"

'वास्तवमा खसीले घाँस खाएर नै मासु बन्ने हुनाले मासुको श्रोत शाकाहारी हो र यो विशेष परिस्थितीमा मासुलाई शाकाहारी मान्न सकिने' भनेर ब्याख्यात्मक टिप्पणी गरी मासु खान मिल्ने निर्णय गरियो", उनले लेखेका छन्। ब्याख्यात्मक टिप्पणीले केही पनि फरक नपर्ने दाबी गरे। व्याख्यात्मक घोषणामा एमसीसी कम्प्याक्ट इण्डोप्यासिफिक रणनीति नभएको उल्लेख गरिएको छ।


## कुवेतमा रोजगार

COMPANY : KUWAIT PEARLS CATERING CO. W.L.L.
City : KUWAIT

पुर्व स्वीकृत मितिः २०७८/११/१५ | चलानी नं.: ६०१७५१४१ | LT. No.: 258682

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Female Helper | 0 | 20 | स. काममा दक्ष | 90 | ३५,६८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Rainbow Overseas Pvt. Ltd.**
Nepal Govt. Labour Lic No 352/ 059/060, Mitrapark-07, Chabahil KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803


## Invitation for Online Bids

Government of Nepal (GON)

**Sarkegad Rural Municipality**

**Office Of The Rural Municipal Executive**

Sarkegad, Humla

Karnali Province, Nepal

### Invitation for Online Bids for the Bhimnagar Sichai Yojana Nirman

**Contract Identification No: EGP/NCB/SRM/078/079**

**Date of publication: 28-02-2022 10:00**

Sarkegad Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the Construction Of Irrigation Project under National Competitive Bidding procedures.

1. The estimated amount for the works is **Rs. (in NRs) 71,19,408.82 (Exclusive of VAT and Contingencies)**
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the **office of Sarkegad Rural Municipality,** Sarkegad, Humla, Humla, Karnali Province, Nepal or may visit PPMO **website www.bolpatra.gov.np/egp.**
3. A complete set of Bidding Documents may be purchased from the office Sarkegad Rural Municipality, Sarkegad, Humla, Karnali Province, Nepal and the office Sarkegad Rural Municipality, Sarkegad, Humla, , Karnali Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.3000.0 till null during office hours. ORBidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Citizens Bank International Ltd.**
   **Name of Office: Sarkegad Rural Municipality Office Code no:**
   **Office Account no: 0650100000001202 Rajaswa (revenue)**
   **Shirshak no.:**

Sealed or electronic bids must be submitted to the office Sarkegad Rural Municipality, Sarkegad, Humla, Humla, Karnali Province, Nepal through PPMO website www.bolpatra.gov.np/egp on or before 30-03 2022 12:00. Bids received after this deadline will be rejected

The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 30-03-2022 14:00 at the office of Sarkegad Rural Municipality Sarkegad, Humla Humla Karnali Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 220000.0, which shall be valid for 30 days beyond the validity period of the bid. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/११/१६**

**कमला त्रिवेणी बालुवा प्रसोधन उद्योग प्रा.लि.**को मिति २०७८/१०/१४ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कमला त्रिवेणी बालुवा प्रसोधन एण्ड क्रसर उद्योग प्रा.लि** कायम गर्ने गरी मिति २०७८/११/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## साउदीमा रोजगारको अवसर

१. कम्पनी : MOFARREH ALHARBI AND PARTNERS
शहर : Saudi

पुर्व स्वीकृत मितिः २०७८/०८/२८ | चलानी नं.: ६०१७०४८१ | LT. No.: 252888 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Truck Driver | 66 | 0 | स. काममा दक्ष | 1800 | ५७,६५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Mofarreh Marzouq Al-Harbi & Partners Co. Ltd. शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०८/२६ | चलानी नं.: ६०१७०२४७ | LT. No.: 252889

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | All Road Drivers | 45 | 0 | स. काममा दक्ष | 2500 | ८०,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, सिनामंगल, काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को निःशुल्क अन्यको १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

श्रम ईजाजत पत्र नं. १७२/०५६/५७

**Work Force Services Pvt. Ltd.**
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/११/१६

यस कम्पनीको मिति २०७८/०९/२९ मा सम्पन्न एकल शेयरधनीको बैठकको निर्णय बमोजिम साविक कम्पनी **बुद्धशान्ति विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २४२२८८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/११/१२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **बुद्ध शान्ति एग्रो टुरिजम प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।


## साउदीमा रोजगारको अवसर

कम्पनी : FAIROZY RESTAURANT
शहर: AL HASA

पूर्व स्वीकृत मितिः २०७८/११/१३ | चलानी नं.: ६०१७५०९७ | LT. No.: 258632

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रु. | | | | | | | |
| 1. | Restaurant Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २३ गते (7 March 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
(Access Partner Manpower Pvt. Ltd.)
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818587303, 9818309178, 9841516281 | Web.: www.srgroupsa.com


Provincial Government

**Ministry of Energy, Water Resources and Water Supply**

**Water Supply, Water Resources and Irrigation Development**

**Sub Division Office, Mustang**

**Gandaki Province, Nepal**

## Invitation for Bids

**First date of Publication:2078/11/16 (28th Feb. 2022)**

1. Water Supply, Water Resources and Irrigation Development Sub Division Office, Mustang invites following bids for the eligible National bidders for the procurement of works of following contract under National Competitive Bidding (NCB).

| S.N | Contract No. | Descriptions of Works | Bid Security Amount (NRs) | Price of Bidding Documents (NRs) | Estimated Amount with VAT (NRs) | Last date of bid submission |
|---|---|---|---|---|---|---|
| 1 | WSWRIDSDO/ Mustang/KGRT/ Works/NCB-01/078/79 | Construction of Earthen Embankment and Gabion Revetment Wall. | 3,70,000.00 | 3,000.00 | 15,900,141.49 | 30 Mar, 2022. 12:00 hrs |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply, Water Resources and Irrigation Development Sub Division Office, Mustang. Telephone 9857650393, email doi.mustang@gmail.com or may visit PPMO website: www.bolpatra.gov.np/egp.

**Sub Division Chief**

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/११/१६)**

**प्रस्तावकको नाम र ठेगाना** : मनिषा शाक्य बुटवल उपमहानगरपालिका-३, रुपन्देही, फोन नं:

**प्रस्तावित आयोजनाको नाम** : श्री मनिषा शाक्य ईट्टा उद्योग

**प्रस्तावले प्रभाव पार्ने क्षेत्र** : कपिलवस्तु जिल्ला, शुद्दोधन गाँउपालिका वडा नं., २

लुम्बिनी प्रदेश, वातावरण संरक्षण नियमावली २०७७ को नियम ४ अनुसार उक्त प्रस्तावको प्रारम्भिक वातावरणी परिक्षण प्रतिवेदन तयारी क्रममा प्रस्तावको कार्यान्वयन हुने गाउँपालिकाको क्षेत्रमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ। सो बमोजिम निम्न लिखित स्थान र मितिमा श्री मनिषा शाक्य ईट्टा उद्योगको IEE प्रतिवेदनको सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्बन्धित सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

**मिति** : २०७८/११/२०

**स्थान** : कपिलवस्तु जिल्ला, शुद्दोधन गाँउपालिका वडा नं., २

**समय** : दिउसो ३:०० बजे